का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ फागुन २०८१,
मंगलबार
18 February, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६ । पृष्ठ ८ — Madhyanha National Daily — www.madhyanhadaily.com



उडिसा नेपाली विद्यार्थी मृत्यु प्रकरण

# घटना रहस्यमय ढाकछोपको प्रयास

**प्रकृतिले सोही विश्वविद्यालयकै विद्यार्थी अद्विक श्रीवास्तवले आफूलाई दुर्व्यवहार गरिरहेको भन्दै उजुरी दिएकी थिइन् । तर, प्रशासनले उनको निवेदनलाई गम्भीरतापूर्वक लिएन**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

बुटवल घर भएका सुनिल लम्साल सोमबार बिहान सधैंझैं काठमाडौंमा रहेको आफ्नो मसला उद्योगमा व्यस्त थिए । उद्योगमा श्रीमती सरिता सरसफाइमा व्यस्त थिइन् । त्यतिकैमा सुनिलको मोबाइल बज्यो । सरिताले फोन टिपेर श्रीमान् सुनिललाई दिइन् ।

सुनिलले फोन नम्बर चिनेनन् । भारतीय नम्बरबाट आएको फोन उठाउँदै उनले 'हेलो' भन्न नपाउँदै उताबाट आवाज आयो, 'तपाईंकी छोरी प्रकृति रहिनन् ।' प्रकृति कलेजको होस्टेलमा मृत फेला परेको खबर कलेजमा पढ्ने एक विद्यार्थीले सुनिललाई दिए ।

एक्ली छोरी २० वर्षीया प्रकृति लम्सालको अचानकको मृत्युको खबरले उनी अवाक् भए । छोरीको मृत्युको खबरले आहत बनेका सुनिल सोमबार नै भारतीय पृष्ठ २ मा

## नेपाली विद्यार्थीमाथि अत्याचार

प्रकृति आइतबार अपराह्न ४ बजे होस्टेलको क्युसिफो बिल्डिङमा मृत भेटिएकी थिइन् । उनीमाथि मानसिक अत्याचार भएको त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरूले बताएका छन् ।

प्रकृतिले सोही विश्वविद्यालयकै विद्यार्थी अद्विक श्रीवास्तवले आफूलाई दुर्व्यवहार गरिरहेको भन्दै उजुरी दिएकी थिइन् । तर, प्रशासनले उनको निवेदनलाई गम्भीरतापूर्वक लिएन ।

यसैबीच प्रकृतिका केटा साथी भनिएका श्रीवास्तव पक्राउ परेका छन् । भाग्दै गरेको अवस्थामा उनलाई प्रहरीले विमानस्थलबाट पक्राउ गरेको उडिसाका स्थानीय समाचार संस्थाहरूले उल्लेख गरेका छन् । प्रकृति र श्रीवास्तवबीचको संवाद सामाजिक संजालमा भाइरल बनेको छ । पृष्ठ २ मा

## घटना शंकास्पद

प्रकृतिको मृत्यु रहस्यमय बनेको छ । उनको शंकास्पद मृत्युपछि कलेज प्रशासनले झनै रहस्यमय व्यवहार देखाएको छ ।

प्रकृति मृत भेटिएका दिन कलेजमा कार्यक्रम थियो । विद्यार्थीहरू त्यही कार्यक्रममा जम्मा भएका थिए । आइतबार अपराह्न ४ बजे नेपाली विद्यार्थी मृत भेटिएको खबर सुनेपछि सबै जना होस्टेल भवनतिर गए । सुरुमा विश्वविद्यालय प्रशासनले प्रकृतिले आत्महत्या गरेको जवाफ दियो तर शव लुकाइयो । नेपाली विद्यार्थीलाई प्रकृतिको शव नदेखाई गायब पारिएको थियो ।

यस प्रकरणमा नेपाली विद्यार्थीले प्रशासनसँग सोधेका पृष्ठ २ मा

## छानबिनको माग

नयाँ दिल्लीस्थित नेपाली दूतावासले घटनाको निष्पक्ष छानबिनको माग गरेको छ । दूतावासले सोमबार विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष छानबिन गर्न विश्वविद्यालय र स्थानीय प्रशासनलाई आग्रह गरेको हो ।

दूतावासको पहलमा जबर्जस्ती निष्कासन गरिएका नेपाली विद्यार्थीलाई होस्टेलमा फर्कने वातावरण बनेको छ ।

विद्यार्थी निकालिएको सूचना प्राप्त हुनासाथ दूतावासले विश्वविद्यालयका रजिस्ट्रारलगायतका प्रतिनिधिसँग छलफल गरेको थियो । छलफलमा दूतावासले त्यहाँ रहेका नेपाली विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्दै शैक्षिक संस्थाको छात्रावासमा नै बस्ने प्रबन्ध मिलाउन पृष्ठ २ मा

## कूटनीतिक पहल सुरु

प्रधानमन्त्री केपी शर्मा ओलीले घटनाको विषयमा सरकार कूटनीतिक सम्पर्कमा रहेको बताएका छन् ।

सामाजिक संजालबाट प्रधानमन्त्री ओलीले यस विषयमा सरकारले कूटनीतिक तवरले बुझ्दै सम्पर्कमा रहेर काम गरिरहेको बताएका छन् ।

यस्तै, परराष्ट्रमन्त्री डा. आरजु राणाले घटनाका विषयमा आवश्यक कूटनीतिक पहल भइरहेको बताएकी छन् । हाल ओमानमा रहेकी मन्त्री राणाले यससम्बन्धी समाचार सामाजिक संजाल तथा मिडियामा आएपछि यस विषयलाई गम्भीर रूपमा लिएर आफूले कूटनीतिक पहल सुरु गरेको जानकारी दिइन् । आफूले भारतका लागि पृष्ठ २ मा

# ठूला घटनामा निष्प्रभावी गृह




## नसुल्झिएका केही घटना

■ **निर्मला पन्त हत्या प्रकरण** (२०७५)
कंचनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको थियो । यो घटना नेपालको अत्यन्त दर्दनाक थियो । प्रहरी अनुसन्धानले हालसम्म दोषीलाई कानुनी कठघरामा ल्याउन सकेको छैन ।

■ **सुन तस्करी प्रकरण** (२०७४)
३३ किलो सुन तस्करीसहित विभिन्न समयमा ठूलो परिमाणमा भएको सुन तस्करीका घटनाहरू सार्वजनिक भएपछि केही व्यक्तिहरू पक्राउ परे पनि मुख्य योजनाकारहरू पत्ता लाउन सकेका छैनन् ।

■ **संजय न्यौपाने हत्या प्रकरण** (२०७६)
पत्रकार संजय न्यौपानेको रहस्यमय मृत्यु भएको थियो । उनको शव काठमाडौंको एक होटलमा फेला परेको उक्त घटनामा प्रहरी अनुसन्धानले ठोस निष्कर्ष दिन सकेको छैन ।

■ **कृष्णप्रसाद अधिकारी हत्या प्रकरण** (२०६१)
चितवनमा २०६१ सालमा गोरखाका कृष्णप्रसाद अधिकारीको हत्या भएको थियो । यो घटना लामो समयसम्म न्यायिक प्रक्रियामा रह्यो तर दोषीहरूलाई कानुनी कारबाहीमा ल्याउन सकेको छैन ।

**जीवन शर्मा, मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

नेपालमा भएका केही ठूला आपराधिक घटनाका बारेमा प्रहरी अनुसन्धानले पूर्ण निष्कर्ष निकाल्न नसक्दा पीडित न्याय पाउनबाट बञ्चित भएका छन् । वर्षौं पुराना भइसकेका ठूला घटनालाई केलाउन नसकेको दुई तिहाइ नजिकको सरकारको गृह प्रशासनले नियमित भइरहेका सानातिना गतिविधिलाई उपलब्धिका रूपमा लिँदै आएको हो ।

> लेखक गृहमन्त्री भएपछि सहकारी ठगी प्रकरणमा संलग्न फरार अभियुक्तहरूलाई समेत पक्राउ गर्न नसक्नुले उनको सफलतामाथि प्रश्न खडा भएको छ ।

गृहमन्त्री रमेश लेखकले मन्त्रालय सम्हालेको ७ महिना भइसकेको छ । तर, उनले २०७५ सालमा भएको निर्मला पन्त हत्या प्रकरण, २०७४ सालको ३३ किलो सुन तस्करी प्रकरण, २०७६ सालमा भएको पत्रकार संजय न्यौपाने हत्या प्रकरण, २०६१ सालको कृष्णप्रसाद अधिकारी हत्या प्रकरणलगायत ठूला घटनाको अनुसन्धान गर्न सकेका छैनन् ।

उनी गृहमन्त्री भएपछि सहकारी ठगी प्रकरणमा संलग्न फरार अभियुक्तहरूलाई समेत गृहले पक्राउ गर्न नसक्नुले उनको सफलतामाथि प्रश्न खडा भएको छ भने नागरिक स्तरमा सरकारप्रतिको विश्वसनीयता बढ्न सकेको छैन । संसद्का २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले गठबन्धन सरकारले जनताको सरकार भएको महसुस गर्नेगरी काम गर्ने गफ दिँदै आएको थियो । तर, नागरिकमा देखिनेगरी काम गर्न नसकेकने टिप्पणी भइरहँदा गृह मन्त्रालयले मुलुकको सुरक्षा चुनौतीलाई सामना गर्ने विशेष योजनाका साथ अघि बढेको बताएको छ ।

बढ्दो सुरक्षा चुनौतीलाई सामना गर्ने विशेष कार्ययोजना बनाएको मन्त्रालयले नीतिगत सुधार, शान्ति सुरक्षा, अपराध नियन्त्रण र दण्डहीनता अन्त्यलाई उच्च प्राथमिकतामा राखेको सोमबार पत्रकार सम्मेलन गरेर जानकारी दियो । मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गृह प्रवक्ता रामचन्द्र तिवारीले बढ्दो सडक दुर्घटना, आत्महत्या, लागुऔषध दुर्व्यसन, राजस्व चुहावट र साइबर अपराध सुरक्षा चुनौतीका रूपमा देखापरेका जनाउँदै त्यस्ता चुनौती सामना गर्न मन्त्रालयले काम गरिरहेको दाबी गरे । नीतिगत तथा कानुनी सुधारलाई प्राथमिकता दिई प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ लाई प्रतिस्थापन गरी परिवर्तित सन्दर्भमा नयाँ ऐन तर्जुमा गर्ने विधेयक र नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक गत १५ माघमा संघीय संसद्मा दर्ता भएको थियो । उक्त विषयलाई मन्त्रालयले महत्त्वपूर्ण कामका रूपमा लिएको छ ।

त्यस्तै, मन्त्रालयले सीमा तथा अध्यागमन प्रशासनलाई चुस्त बनाउन दार्चुलाको तिंकर र मुस्ताङको कोरोला नाकामा अध्यागमन कार्यालय स्थापना, अध्यागमन कार्यालय बेलहियामा सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह, चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकलाई चीन आवागमन अनमुतिपत्र उपलब्ध गराउने कार्यविधि कार्यान्वयनलगायतका विषयलाई मन्त्रालयले आफ्नो महत्त्वपूर्ण उपलब्धि भनेको छ । १ हजार ३७० जना क्षमताको नुवाकोटस्थित कारागार पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा ३ लाख ७० हजार वैधानिक नेपाली कामदार

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ५ फागुन ।

मलेसियामा हाल वैधानिक रूपमा ३ लाख ७० हजारभन्दा केही बढी नेपालीले काम गरिरहेका देखिएको छ । मलेसियाको पेरिकतान नेसनलका सांसद जमालुद्दिन याह्याले राखेको प्रश्नको जवाफ दिने क्रममा मलेसियाका मानव संशाधनमन्त्री स्टिभन सिमले मलेसियामा नेपाली कामदारको संख्या तेस्रो ठूलो रहेको बताए ।

मलेसियाका मानव संसाधनमन्त्री स्टिभन सिमले बंगलादेशका ८ लाख ९८ हजार ९७०, इन्डोनेसियाका ५ लाख ८२ हजार १०८ र नेपालका ३ लाख ७० हजार १२७ कामदार कार्यरत रहेका बताए । उनले गत ३१ डिसेम्बरसम्म कुल कामदारको संख्या १ करोड ६७ लाख ७९ हजार ५०० र विदेशी कामदारको संख्या २३ लाख ३८ हजार ४२२ रहेको बताए । प्रतिशतका हिसाबले विदेशी कामदारको संख्या कुल कामदारको १४ प्रतिशत छ । पृष्ठ २ मा

## गणतान्त्रिक मञ्चद्वारा समिति सभापति सुवेदी र सांसद दाहालको ध्यानाकर्षण



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले संख्या सयको समस्या संसद्को यसै अधिवेशनबाट हटाउन माग गरेको छ । मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति विमला सुवेदीलाई भेटेर व्यवसायमा आइपरेको कानुनी उल्झन समाधानका लागि ऐन संशोधन र निर्माणको पहल गरिदिन आग्रह गरेको हो ।

प्रतिनिधिमण्डलले नेकपा (माओवादी केन्द्र)का सांसद लेखनाथ दाहाल (राजन)लाई समेत भेटेर वैदेशिक रोजगार व्यवसायीका तत्काल देखिएका समस्या कानुनी रूपमा समाधान गर्नका लागि पृष्ठ २ मा

# भटाभट ऐन बनाउँदै संसद्

**संघीय संसद्को हिउँदे अधिवेशन सुरु भएको १ महिना नपुग्दै प्रतिनिधिसभाले ३ वटा विधेयक पारित गरेको छ । यस अवधिमा राष्ट्रियसभाले पनि २ वटा विधेयक पारित गरेर तल्लो हाउसमा पठाएको छ**





> सरकार एकपछि अर्को विधेयक पारित गर्ने र कानुन निर्माणलाई गति दिने पक्षमा छ । रफ्तार बढाउन चाहन्छ । यसका लागि सांसदहरूको साथ महत्वपूर्ण छ
>
> ■ **रमेश लेखक**
> गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

सोमबार प्रतिनिधिसभाले भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित गरेको छ । राष्ट्रियसभाबाट पारित भएर आएको विधेयक प्रतिनिधिसभाले पनि पारित गरेको हो । विधेयक पारित गर्नु अगाडि गृहमन्त्री रमेश लेखकले विधेयक पारित गर्न महत्त्वपूर्ण उपलब्धि भएको बताएका थिए । सरकार एकपछि अर्को विधेयक पारित गर्ने र कानुन निर्माणलाई गति दिने पक्षमा रहेको उनले बताएका थिए ।

'सरकार एकपछि अर्को विधेयक पारित गर्ने र कानुन निर्माणलाई गति दिने पक्षमा छ । रफ्तार बढाउन चाहन्छ । यसका लागि सांसदहरूको साथ महत्त्वपूर्ण छ', उनले भने ।

यसअघि पनि प्रतिनिधिसभाले केही विधेयक पारित गरेको छ । संसद् सचिवालयका अनुसार संघीय संसद्को हिउँदे अधिवेशन सुरु भएको १ महिना नपुग्दै प्रतिनिधिसभाले ३ वटा विधेयक पारित गरेको छ । यस अवधिमा राष्ट्रियसभाले २ वटा विधेयक पारित गरेर तल्लो हाउसमा पठाएको छ ।

यसअघि प्रतिनिधिसभाले सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ सर्वसम्मत पारित थियो । प्रतिनिधिसभाको २८ माघको बैठकले उक्त विधेयक सर्वसम्मत पारित गरेको हो । त्यसअघि २७ माघमा प्रतिनिधिसभाले विधायन व्यवस्थापन व्यवस्थापन विधेयक पारित गरेको थियो ।

यस अवधिमा राष्ट्रियसभाले २ वटा विधेयक पारित गरेको छ ।

गत २८ माघमा राष्ट्रियसभाले मिडिया काउन्सिल विधेयक पारित गरेको हो । बैठकमा संचार तथा सूचना पृष्ठ २ मा

# हुलाक टिकटमा रैथाने र लोपोन्मुख कला–संस्कृति पनि समेटिनुपर्छ : मन्त्री गुरुङ

**काठमाडौं/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले हुलाक टिकटमार्फत लोपोन्मुख, रैथाने र परम्परागत कला- संस्कृतिको जगेर्ना गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

हुलाक सेवा विभागले सप्ताहव्यापी रूपमा आयोजना गरेको राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा हुलाक टिकट प्रदर्शनी कार्यक्रममा मन्त्री गुरुङले विभागले आवश्यक परेको खण्डमा ऐतिहासिक विषयवस्तु खोजेर टिकट प्रकाशन गर्नुपर्ने बताए ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले हुलाक टिकट एउटा कागजको टुक्रा मात्र नभइ यसले देशको पहिचान र इतिहासलाई सधैं जगेर्ना गर्ने दस्तावेज रहेको बताए ।

मन्त्री गुरुङले समाजका रैथाने



मूल्यमान्यता, जीवनशैली, पर्यटनलाई प्रवर्द्धन गर्ने खालका विषयवस्तु समेत हुलाक सेवाले आफैँले पहिचान गरी छाप्नुपर्ने बताए ।

उनले हुलाक सेवालाई समयसापेक्ष आधुनिकीकरण गर्न मन्त्रालय सधैं तत्पर रहेको उल्लेख गर्दै जनसेवामुखी भएर हुलाक सेवामा काम गर्न कर्मचारीलाई आग्रह गरे । साथै उनले हुलाक कार्यालयलाई आवश्यक बजेट व्यवस्थापन गर्न मन्त्रालय तयार रहेको समेत बताए।

कार्यक्रममा मन्त्री गुरुङले नयाँ हुलाक टिकट 'पञ्चमार्क मुद्रा' र ' भित्रीकोट दरबार' टिकटको आवरणमा टाँचा प्रदान गरे। भगवान् गौतम बुद्धको राजप्रसाद रहेको प्राचीन कपिलवस्तु तिलौराकोटको खोज-अनुसन्धान गरी जमिनबाट उत्खनन गरिएको ऐतिहासिक 'पञ्चमार्क मुद्रा' हो । साथै प्यूठान जिल्लास्थित 'भित्रीकोट दरबार' नेपाल बाइसे र चौबिसे राज्यमा विभाजित रहेको समयमा चौबिसे राज्यअन्तर्गतको शक्तिशाली राज्य थियो । हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक टिकटको ऐतिहासिक महत्त्व दर्शाउँदै विभागले पुरातात्त्विक महत्त्व राख्ने विषयवस्तु खोजेर टिकट बनाउनेतर्फ कार्ययोजना बनाउँदै गरेको बताए । 'यस्ता कैयौं रोचक र ऐतिहासिक खोजमूलक विषयवस्तु छन्, जुन टिकटमा समावेश गर्न सकिन्छ', उनले भने, 'विभाग आफैं पनि अनुसन्धान गर्ने तयारीमा छ ।'

# संशोधित कार्यविधिबारे सचिव र व्यवसायीबीच छलफल

**काठमाडौं/मस**– नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले संशोधित कार्यविधि लागू गराउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरि पुष्करको ध्यानाकर्षण गराएको छ।

सोमबार मन्त्रालयमा सचिव पुष्करसँग भेट गरी अभिमुखीकरण तालिमलाई व्यवस्थित गर्ने विषयमा छलफल गरेको महासंघका अध्यक्ष राजाराम गौतमले बताए । उनले कार्यविधिमा समयसापेक्षरूपमा संशोधन भएको भएपनि केही गलत व्यक्तिको दुष्प्रचारका कारण कार्यान्वयन गराउन मन्त्रालय पछि हटेपनि हाल सर्वोच्च अदालतले संशोधित कार्यविधि रोक्न नमिल्ने आदेश गरिसकेको अवस्थामा पनि मन्त्रालय चुप लागेर बस्नु कामदारको पक्षमा नभइ अरु कसैको पक्षमा रहेको हो कि भन्ने



आशंका उत्पन्न भएको उल्लेख गरेका थिए ।

जवाफमा सचिव पुष्करले अभीमुखीकरण तालीम राज्यको नीति भएको हुँदा यसलाई गम्भीर रूपमा लिएको भन्दै भएका समस्या तत्काल सम्बोधन गर्ने आश्वासन दिएका छन् ।

तालिमलाई व्यवस्थित र आधुनिकीकरण गर्ने सम्बन्धमा यसको गुणस्तर कायम गर्न शुल्कमा समायोजन आवश्यक रहेकाले यसका लागि सरोकारवाला पक्षसँग छलफल चलाउने आश्वासन पनि सचिव पुष्करले दिएको भन्दै अध्यक्ष गौतमले वैदेशिक रोजगार ऐन संशोधन गर्दा पूर्वप्रस्थन तालिमको विकल्प नखोज्ने धारणा राखेको बताए । पूर्वप्रस्थान तालिम व्यवस्थित गर्न कडाइका साथ लाग्न महाशाखा र सरोकारवाला निकायलाई निर्देशन दिने प्रतिबद्धता पनि सचिवबाट पाएको अध्यक्ष गौतमले बताए ।

वैदेशिक रोजगारमा जाने कामदारका लागि सरकारले उल्लेखनीय काम गर्न नसकिरहेको अवस्थामा तालिम व्यवसायीले कामदारको पक्षमा सकेको सकारात्मक काम गरेको टिप्पणी गर्दै सचिव पुष्करले मन्त्रालय सधैंभरि सामूहिक लाभको नीतिअनुसार कार्यगर्ने भएकाले संशोधित कार्यविधिमा उल्लेख सकारात्मक पक्षहरूलाई पालना गर्न मन्त्रालय अग्रसर हुने बताएको अध्यक्ष गौतमले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

### घटना...

राज्य उडिसाको राजधानी भुवनेश्वरतिर लागे । त्यहाँको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी)मा बी-टेक तेस्रो वर्षमा अध्ययनरत छोरी प्रकृतिको मृत्यु भइसकेको थियो ।

यस वर्ष दसैं बिदामा बुटवलस्थित घर आएकी प्रकृतिले १ महिना घरबाटै अनलाइन कक्षा लिएकी थिइन् । त्यसपछि कलेज पुगेकी उनी कहिल्यै घर नफर्किनेगरी बिदा भइन् ।

### नेपाली...

संवादमा श्रीवास्तवले प्रकृतिलाई तथानाम गाली गरी अपशब्द प्रयोग गरेका छन् । नेपाली विद्यार्थीहरूले प्रकृतिलाई श्रीवास्तवले मानसिक यातना दिएको बताएका छन् ।

प्रकृतिको मृत्युको कारण अझै पत्ता लागेको छैन । मंगलबार उनको शवको पोस्टमार्टम गरिने छ । सोही विश्वविद्यालयका तेस्रो वर्षका मेकानिकल इन्जिनियरिङका एक विद्यार्थी श्रीवास्तवले दुर्व्यवहार गरेपछि उनले आत्महत्या गरेको आशंका गरिएको छ ।

सामाजिक संजाल एक्सका एक प्रयोगकर्ताले ती पुरुष विद्यार्थीले प्रकृतिलाई दुर्व्यवहार गरेको अडियोसमेत पोस्ट गरेका छन् ।

गत महिना विश्वविद्यालयको अन्तर र्राष्ट्रिय सम्बन्ध कार्यालय (आईआरओ)लाई प्रकृतिले आफूमाथि दुर्व्यवहार भएको रिपोर्ट गरेकी थिइन् । तर, विश्वविद्यालयले कुनै कारबाही अघि नबढाएपछि प्रकृतिले आत्महत्याको बाटो रोजेको दाबी गरिएको छ ।

### घटना...

थिए तर त्यहीबेला १ जना युवकले प्रकृतिलाई सताइरहेको कुरा खुल्यो ।

प्रकृतिको शव र घटनास्थलसमेत लुकाएर विश्वविद्यालयकै अस्पतालमा उनलाई मृत घोषित गरियो । प्रशासनले घटना ढाकछोप गरेपछि नेपाली विद्यार्थीले नजिकैको इन्फो सिटी प्रहरीमा उजुरी दिएर कलेजमा प्रदर्शन थाले ।

नेपाली विद्यार्थी आन्दोलित भएपछि कलेजका सहप्रशासकले धम्की दिएका थिए । नेपाली विद्यार्थीहरूले आइतबार रातभर प्रदर्शन गरेका थिए ।

नेपाली विद्यार्थीहरू आन्दोलित भएपछि सोमबार उनीहरू सबैलाई होस्टेलबाट बलजफ्ती निकालिएको छ । अहिलेसम्म करिब ७०० नेपालीलाई जबर्जस्ती होस्टेलबाट निकालेर रेल स्टेसन र बसपार्कमा अलपत्र छाडिएको छ ।

कलेजमा अध्ययनरत सबै नेपाली विद्यार्थीमाथि दुर्व्यवहार र कुटपिट भएको उनीहरूले बताएका छन् ।

विश्वविद्यालयको लापरवाहीका कारण नेपाली छात्राको मृत्यु भएको भन्दै विद्यार्थी आन्दोलित भएपछि रजिस्ट्रारको कार्यालयले एक सूचना प्रकाशन गरी नेपाली विद्यार्थीलाई तत्काल क्याम्पस खाली गर्न भनेको थियो ।

### छानबिनको ...

अनुरोध गरेको थियो । त्यसैगरी, उनीहरूको कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाउनसमेत अनुरोध गरिएको छ ।

घटनाका सम्बन्धमा दूतावासले नेपाली विद्यार्थीलगायत भारतको केन्द्रीय सरकार एवं उडिसाको मुख्यमन्त्री कार्यालय तथा अन्य सम्बन्धित भारतीय निकायहरूसँग सम्पर्क गरिरहेको जनाएको छ ।

दूतावासको आग्रहमा विश्वविद्यालय प्रशासनले सोमबार नै नेपाली विद्यार्थीलाई होस्टेलमा फर्कन आग्रह गरेको छ ।

विश्वविद्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस अवधिमा उनीहरूको शैक्षिक पक्षलाई बाधा पुऱ्याइने छैन र विश्वविद्यालयले उनीहरूको हेरचाह गर्ने छ । यसैअनुसार शैक्षिक कक्षा र छात्रावासको अस्थायी निलम्बन तुरुन्तै फिर्ता लिइएको छ । शान्ति कायम राख्न र उचित न्याय सुनिश्चित गर्ने उद्देश्यले यो कदम चालिएको थियो ।'

यसैबीच घटनाको छानबिन गर्न माग गर्दै नेपाली विद्यार्थीहरूले लैनचौर स्थित भारतीय दूतावास अगाडि प्रदर्शन गरेका छन् ।

उता, भारतीय सत्तारूढ दल भारतीय जनता पार्टी समर्थित विद्यार्थी संगठन अखिल भारतीय विद्यार्थी परिषद्ले नेपाली विद्यार्थीको समर्थनमा आन्दोलन सुरु गरेको छ ।

परिषद्का राष्ट्रिय कार्यकारिणी सदस्य विश्वजित पात्रले नेपाली विद्यार्थीसँग कलेजले माफी माग्नुपर्ने र उनीहरूलाई कलेजमा फिर्ता बोलाउनुपर्ने माग गरेका छन् । रेलवे स्टेसनमा अलपत्र रहेका नेपाली विद्यार्थीलाई खान र बस्नको व्यवस्थासमेत कलेजले नै गर्नुपर्ने परिषद्ले माग गरेको छ । यसबाहेक मृतक विद्यार्थी र उनको परिवारलाई क्षतिपूर्ति दिनसमेत परिषद्ले माग गरेको छ ।

### कूटनीतिक...

नेपाली राजदूत डा. शंकर शर्मालाई घटनाको वास्तविकता बुझेर नेपाली विद्यार्थीलाई परेको समस्याका बारेमा आवश्यक तत्परता लिई काम गर्न निर्देशन दिएको जानकारी दिइन् ।

उनले यस विषयमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँग पनि जानकारी दिएको बताइन् । परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले नयाँ दिल्लीस्थित नेपाली दूतावासले सम्बन्धित विश्वविद्यालयसँग सम्पर्क र समन्वय गरिरहेको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले घटनाको अनुसन्धानका लागि कूटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराएकी छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा आकस्मिक समयमा बोल्ने समय नपाएपछि संसद् भवनबाहिर संचारकर्मीसँग कुरा गर्दै सांसद श्रेष्ठले घटनाको छानबिनका लागि कूटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराएकी हुन् ।

### ठूला...

संचालनमा आएको तथा मोरङमा २६८ र मुगुमा ३० जना क्षमताको कारागार संचालनको तयारी पूरा भएको प्रवक्ता तिवारीले जानकारी दिए । केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीसम्बन्धी सेवा विस्तार गरी २५ जिल्लाका १ हजार ९२२ वडाबाट अनलाइन नागरिकता सिफारिस गर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग विभिन्न सार्वजनिक सेवा प्रदायक १२ वटा प्रणालीको अन्तरआबद्धता गरिएको र सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको बायोमेट्रिक भेरिफिकेसनलाई क्रमशः विस्तार गर्दै लगिएको मन्त्रालयले जनाएको छ ।

प्रविधिको उपयोग गर्दै सेवा प्रवाहलाई पारदर्शी र सरल बनाउन इ-चलान (डिजिटल चिट) प्रणालीको शुभारम्भ गरेको, ट्राफिक नियम उल्लंघन गर्नेहरूलाई कारबाही प्रक्रियामा सहजता र पारदर्शिता ल्याएको लगायतका दैनिक गतिविधिलाई मुख्य काममा राखेको गृह प्रशासनले कतिपय जघन्य अपराधका सन्दर्भमा भने बोलेको छैन ।

यद्यपि, मन्त्रालयले सुरक्षा र रक्षा चुनौतीहरूको सामना गर्न सुरक्षा तथा समन्वय महाशाखाले अन्तर्राष्ट्रिय सीमाको सुरक्षा, विवाद समाधान, सूचना संकलन र शान्ति सुरक्षासम्बन्धी निर्देशन जारी गर्ने र शान्ति सुरक्षासम्बन्धी कार्ययोजना तयार पार्नेलगायतका काम गर्दै आएको छ । सुरक्षा निकायहरूको आधुनिकीकरण, प्रहरी संरचनाको सुधार र सेवा प्रवाहलाई पारदर्शी तथा प्रभावकारी बनाउन मन्त्रालय केन्द्रित रहेको प्रवक्ता तिवारीले दाबी गरेका छन् ।

### मलेसियामा...

मलेसियाको राष्ट्रिय योजना आयोगले कुल कामदारको बढीमा १५ प्रतिशतसम्म विदेशी कामदारको राख्नुपर्ने नीति बनाएको छ । त्यस हिसाबले मलेसियामा नयाँ विदेशी कामदारका लागि थोरै मात्र अवसर छ । मलेसियाले नयाँ कामदारको एप्रुभल खुल्ला गरेमा १ लाख ७८ हजार ५०० जना मात्र भर्ना हुन पाउने छन् । थप केही कामदार बिदामा जाँदा मात्र ठूलो संख्यामा नयाँ कामदारले अवसर पाउने छन् ।

मलेसियामा नयाँ एप्रुभल खुल्ला हुने विषय नेपालमा पनि तीव्रताका साथ प्रतीक्षा गरिएको छ । गत मेदेखि सुरक्षाकर्मीसहित सबै कामदारको नयाँ भर्ना रोकिँदा मलेसियामा कामदार पठाउने धेरै कामदारले इजाजत नवीकरणका लागि आवश्यक वार्षिक सय जना कामदार पठाउन नसक्ने अवस्था छ ।

मन्त्री सिमले मलेसियामा विदेशी कामदारहरूको उपस्थिति सरकारले तोकेको सीमाभन्दा तल र नियन्त्रणमा रहेको बताए । अर्का सांसद विलियम लियोङले मन्त्री सिमलाई विदेशी कामदारको श्रम शोषण भएको र त्यसको उपचार पर्याप्त नभएकामा सरकारको ध्यानाकर्षण गराएका थिए ।

### गणतान्त्रिक...

पहल गरिदिन आग्रह गरेको छ । सभापति सुवेदी र सांसद दाहालले वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि आफूहरूले सक्दो पहल गर्ने आश्वासन दिएको महासचिव दिमदोङले मध्यान्ह दैनिकलाई बताए । प्रतिनिधिमण्डलमा मञ्चका कोषध्यक्ष भरत सापकोटा तथा कार्यसमिति सदस्यहरू सोमबहादुर तामाङ, राजु घिमिरे, रवीन्द्र राई, एमबी राउत, इन्द्रबहादुर लामालगायतको उपस्थिति थियो ।

### भटाभट...

प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रस्तुत गरेको विधेयकलाई बैठकले सर्वसम्मतिले पारित गरेको हो । यही ४ फागुनमा राष्ट्रियसभाले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक पारित गरेको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्रस्तुत गरेको विधेयकलाई राष्ट्रियसभाले सर्वसम्मतिले पारित गरेको हो ।

संसद् सचिवालयका अनुसार २० भन्दा बढी विधेयक संसद्मा विचाराधीन छ । जतिसक्दो धेरै विधेयक पारित गर्ने सरकारको चाहना रहेको सत्तारूढ दलका नेताहरूले बताउँदै आएका छन् । संघीय संसद्को चालू अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा समेत लिइन्छ । यस कारण पनि यो अधिवेशनमा बढीभन्दा बढी ऐन बनाउने प्रयासमा रहेको सत्तारूढ दलका नेताहरू बताउँछन् ।


## साइप्रसमा रोजगार

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मितिः २०८०/०८/५ चलानी नं.: ६०२१०३११ LT. No.: 295222 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambermaid | 3 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १०५,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bartender | 2 | 0 | | 800 | ११६,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १३ गते (25 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. २५,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np



## याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/११/०६

यस कार्यालयद्वारा मिति २०८१/०९/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित निम्न बमोजिमको ठेक्का योजना सम्बन्धि सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताले पेश गरेको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत प्रस्तावदाताको नाम | बोलपत्र कबोल गरेको रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Supply of Gabion, CGI aheet and Pipes | YRM/NCB/Goods/ No-03-2081/082 | 2081-09-09 | Green Leaf Private Limited, Putalisadak | NRs. 13,27,424.82 | |
| 2 | Purchase of Medicinal Items | YRM/NCB/Goods/ No-03-2081/082 | 2081-09-09 | Bhimdevi Medicine Supplier Private Limited, Bhaktapur | NRs. 14,73,460.00 | |

प्र.प्र.अ.



"समृद्ध खाँदबारी नगर"

## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/०६

यस खाँदबारी नगरपालिकाद्धारा मिति २०८१/१०/०१ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | आयोजनाको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर र पि.एस. बाहेक बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Lilibar Sasastra Basecamp Arunthan road Maintenance Works, Contract Id- KMO/NCB/WORKS/06/081/082 | श्री Nirjara Nirman Sewa , खाँदबारी -२, संखुवासभा । | रू. १६,७९,९८४.५० (अक्षेरूपी सोह्र लाख उनानसी हजार नौ सय चौरासी रूपैया पचास पैसाँ मात्र, मू.अ.कर र पि.एस. बाहेक) | |

प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका

# विकास निर्माणका काम द्रुत गतिमा अघि बढाउन प्रधानमन्त्रीको आग्रह

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
दाङ, ५ फागुन



प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रो पटक लुम्बिनी प्रदेशसभामा सम्बोधन गरेका छन्। सम्बोधनका क्रममा प्रधानमन्त्री ओलीले संसारलाई ज्ञानको प्रकाश बाँड्ने गौतम बुद्धको जन्मभूमिमा रहेको लुम्बिनी प्रदेशसभामा सम्बोधन गर्न पाउँदा खुसी लागेको बताए।

उनले लुम्बिनी प्रदेश गौतम बुद्धको भूमी, ज्ञान केन्द्रको रुपमा विश्वले चिनेकाले यसलाई हामीले संसारको आराध्य पर्यटन केन्द्रका रुपमा विकास गरी देशको समृद्धिको सपना साकार पार्न सकिने टिप्पणी गरे। भैरहवा विमानस्थल अब सबैभन्दा बढी चल्ने अन्तर्राष्ट्रिय विमानस्थल भएको ओलीले दाबी गरे। सम्बोधनका क्रममा ओलीले सरकारले कुनैपनि अनुचित काममा सम्झौता नगर्ने र सिण्डिकेट, कार्टेलिङ जस्ता काम निस्तेज बनाउँदै लैजाने बताए।

विगतमा विभिन्न कारण देश पछि परेको र अब देशलाई समृद्ध बनाउन दुई ठूला पार्टीहरुले सरकार संचालन गरेकाले विकास निर्माणसँगै मुलुकको अर्थ व्यवस्था चलायमान हुँदै गएकाले विकास निर्माणका काममा नअल्झी दूत गतिमा काम गर्न आग्रह गरे। प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेश प्राकृतिक, सांस्कृतिक तथा आर्थिक रूपमा समृद्ध बन्दै गएको र यहाँको राजधानी सफलतापूर्वक कार्यान्वयनमा आएको बताए। संघीयताले विकास सम्भव छ भन्ने उदाहरण लुम्बिनी प्रदेशले प्रस्तुत गरिसकेको ओलीको भनाइ छ।

उनले हालै निर्माण सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थल, फराकिलो सडक, तथा पूर्वाधार विकासलाई प्रदेशको प्रगतिको सूचकको रूपमा व्याख्या गरे। साथै, सिद्धबाबा सुरुङ मार्ग बुटवल गोरुसिंगे सडक, गोरुसिंगे चनौटा सडक लगायतका योजनाहरूले यातायात सहज बनाउने बताउँदै रामपुर-कपुरकोट सालझण्डी ढोरपाटन मदन भण्डारी राजमार्ग, बुटवल नारायणगढ सडक, बुटवल ऐतिहासिक सभाहल जस्ता महत्वपूर्ण विकास निर्माणका संरचना द्रुत गतिमा अगाडि बढेको बताए। प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेशलाई कृषि, पर्यटन र औद्योगिक केन्द्रका रूपमा अघि बढाउने योजनाबारे चर्चा गर्दै मानव-केन्द्रित विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। सिँचाइ आयोजना सफल बनाउँदै कृषिलाई प्रवर्द्धन गर्नुपर्ने र वातावरण संरक्षणसँगै विकासका कार्यहरू अघि बढ्नुपर्ने बताउँदै ओलीले प्रदेशको समग्र विकासका लागि केन्द्र सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे। ओलीले प्रदेश सरकारले १२०० शय्याको लुम्बिनी प्रादेशिक अस्पतालको भवन निर्माण सुरु गरेकोमा प्रशंसा व्यक्त गरे। उनले प्रदेशहरूले कानूनी संरचना निर्माण गर्दा संघीय सरकारद्वारा स्थापित मौजूदा कानूनहरूलाई आधार मानेर अघि बढ्नुपर्नेमा जोड दिए।

# व्यवसायी राईलाई पितृशोक

**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी ध्रुवराज राईलाई पितृ शोक परेको छ।



ग्लोबल वेलफेयर एचआर सोलुसन प्रा.लि.का सञ्चालक राईका पिता कृतिबहादुर राईको गत माघ २९ गते ७९ वर्षको उमेरमा निधन भएको हो। भोजपुरको ओखे स्थायी निवासी स्व.राई निवृत्त निजामती कर्मचारी हुन्। निजामती कर्मचारीको रुपमा देशको सेवा गरेका स्व. राई समाजसेवामा पनि उत्तिकै सक्रिय रहेका थिए। स्व. राईका ३ छोरी र ३ छोरा रहेका छन्।


## Qatar र UAE मा रोजगार

१. कम्पनी: Sunrise Cleaning Services, Doha, Qarar
पूर्व स्वीकृती मिति २०८१।११।०५ — चलानी नं. ६०२३३१९६ — LT.No. 319040

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 09 | 04 | काममा दक्ष | 1500 | ५७,२८०।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cleaner General | 35 | 12 | | 1000 | ३८,१९०।- | | | | | | | |

2. GCS German Concrete Works L.L.C, UAE पूर्व स्वीकृती मिति २०८०।१०।२९, चलानी नं. ६०२१६३३८, LT.No. 301491 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tile/Block/Plaster/ Concrete/Machine Operator | 46 | - | कामामा दक्ष | 1200 | ४५,४१५।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | निशुल्क |

अन्तर्वार्ता २०८१ फाल्गुन १३ गते (25 February, 2025) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ।

रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३



## वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको प्रेस विज्ञप्ति

नेपाली कामदारका लागि आकर्षक गन्तव्य मुलुक मलेसियाको रोजगारीका लागि नयाँ एप्रुभल खोल्ने प्रक्रिया अगाडि बढेको अवस्थामा एकाधिकार लागू गर्ने उद्देश्यले विभिन्न नाम र आवरणमा सिन्डिकेट खडा गर्न चलखेल भइरहेको भन्ने सुन्नमा आएको छ। यसप्रति वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ।

लामो समयको प्रतीक्षापछि नयाँ एप्रुभल खुल्ने मौका छोपी मलेसिया कामदार भर्ना प्रक्रियालाई 'संचालन प्रणाली'को नाम दिएर सिन्डिकेट लाद्ने षड्यन्त्रले ठूलो संख्यामा वैदेशिक रोजगार व्यवसायीहरूलाई पेशा व्यवसायको अवसरबाट पूर्णरूपमा वञ्चित गराउने र कामदारको लागत बढाउने यस मञ्चको निष्कर्ष छ।

प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले कुनै पनि सिन्डिकेटलाई स्वच्छ प्रतिस्पर्धा विरोधी कामका रूपमा परिभाषित गरेको छ भने उपभोक्ता संरक्षण ऐन, २०६५ ले पनि सिन्डिकेट प्रणाली अपनाइ सेवा संचालन गर्न नहुने स्पष्ट गरेको छ। यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च विगत लामो समयदेखि सबै व्यवसायीले समान रूपमा व्यवसाय गर्न पाउनुपर्छ भन्ने मान्यतामा अडिग रहेको छ। सिन्डिकेटका पक्षमा हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनैपनि निर्णय नगर्न र समर्थन नजाउन पनि हामी नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदै खबरदारीका लागि राजनीतिक दल तथा भ्रातृ संघ संस्था, नागरिक समाज र आम सञ्चारकर्मीहरू समेतलाई आग्रह गर्दछौं। विगतमा विभिन्न आवरणमा स्थापित भएका सिन्डिकेटले वैदेशिक रोजगारमा जाने कामदारमाथि ठूलो आर्थिक भार परेको तितो यथार्थलाई आत्मसात गरी सिन्डिकेटविरूद्ध ऐक्यबद्धताका लागि सम्पूर्ण व्यवसायीहरूमा हार्दिक अपिलसमेत गर्दछौं।

**कुन्छा दोर्जे दिमदोङ**
महासचिव

**धनलाल जैसी**
अध्यक्ष

**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**
Organization of Republican Foreign Employment Entrepreneur
ललितपुर महानगरपालिका-१४, कुसुन्तिहाईट ललितपुर, नेपाल


## नेपाल चाइल्डहुड क्यान्सर एलायन्स स्थापना

# बाल क्यान्सर उपचार सुदृढ गर्न नयाँ पहल

**काठमाडौं/मस-** नेपाल चाइल्डहुड क्यान्सर एलायन्सको उद्घाटनसँगै नेपालमा चाइल्डहुड क्यान्सर उपचार सुधार गर्ने प्रयासमा एउटा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। एलायन्सले स्टेकक होल्डरहरुलाई एकताबद्ध गर्ने, उपचार पहुँच सुधार गर्ने र देशभरि क्यान्सरसँग संघर्ष गरिरहेका बालबालिकाको सहयोग सुदृढ गर्ने दिशामा एक महत्वपूर्ण कदम भएको जनाएको छ।

यो एलायन्सले रमेश गुप्ता मेमोरियल ट्रस्ट, लियोनार्डो एडवर्ड श्रेष्ठ फाउन्डेशन, टुगेदर अगेन्स्ट चाइल्डहुड क्यान्सर र वर्ल्ड चाइल्ड क्यान्सर यूकेलाई एकत्रित गर्दै बाल क्यान्सरको उपचार, बिरामी र परिवारलाई आवश्यक सहयोग, तथा लामो समयसम्मको पुनःस्थापना सेवालाई मजबुत बनाउन कार्य गर्नेछ।

एलायन्सको उद्घाटन समारोहमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. हरि प्रसाद मैनाली विभिन्न अस्पतालका बालरोग विशेषज्ञ चिकित्सकहरू, विश्व स्वास्थ्य संगठन, युनिसेफ तथा अन्य विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय गैर-सरकारी संस्थाहरूको सहभागिता रहेको थियो।

एलायन्सको मुख्य उद्देश्य उपचार बाहेकका आवश्यक सहयोगहरू प्रदान गर्नु, जस्तै प्रारम्भिक पहिचान, आर्थिक तथा मानसिक सहयोग, र उपचारपछिको पुनःस्थापना कार्यक्रमहरू सुनिश्चित गर्नु हो। कार्यक्रमको एक विशेष प्यानल छलफलमा डा. विश्वनाथ अधिकारी (कान्ति बाल अस्पताल), डा.ऋतु लामिछाने (भक्तपुर क्यान्सर अस्पताल), डा. सुचरिता तुलाधर (पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान), डा. कृष्ण सागर शर्मा (वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल) र डा.सानी सिपाइ (कान्ति बाल अस्पताल) सहभागी थिए।

छलफल डा. विश्वनाथ अधिकारी को संयोजनमा रमेश गुप्ता मेमोरियल ट्रष्टकाका निर्देशक सञ्जय अग्रवालद्धारा अध्यक्षता गरिएको थियो भने विश्व स्वास्थ्य संगठन नेपालका डा. सुमन पन्थी सह-अध्यक्ष थिए।


## युएईमा रोजगार

कम्पनी: AM GLOBAL ON DEMAND LABORS SUPPLY — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०५ — चलानी नं.: ६०२३३१९७ — L.T. No.: 318978

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Mason | 50 | 0 | सम्बन्धित कामामा दक्ष | 1200 | ४५,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 25 | 0 | | 900 | ३३,९६६ | | | | | | | |
| 3. | Plumber-cum-Electrician | 50 | 0 | | 1200 | ४५,२८८ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 1200 | ४५,२८८ | | | | | | | |
| 5. | Steal Fixer | 50 | 0 | | 1200 | ४५,२८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १३ गते (25 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Perfect Recruiting Service Pvt. Ltd.
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.
श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८



## QATAR मा रोजगार

कम्पनी : MAHIM CLEANING AND HOSPITALITY — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/१०/२९ — चलानी नं.: ६०२३३१९९ — LT. No.: 319027

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bellman | 0 | 2 | सम्बन्धित कामामा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaning Worker | 5 | 7 | | 1000 | ३६,९६० | | | | | | | |
| 3. | Ground Steward | 1 | 3 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Helper | 5 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 5. | Manager / Gen / Project | 1 | 0 | | 5700 | २१०,६७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १३ गते (25 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Eurosia Human Resourse Pvt. Ltd.
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 01- 014980243
Mob: +9779851354726/ 9702804344 / 9851064740
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com Web : www.eurosiahr.com.np



## डोल्पो बुद्ध गाउँपालिका

དོལ་པོ་བུདྡ་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

### निम्न माध्यमिक तहमा संघीय शिक्षण सिकाइ अनुदानमा करार शिक्षक पदको लागि खुला प्रतियोगिताको विज्ञापन

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८१/११/०६ गते**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकामा उपलब्ध संघीय शिक्षण सिकाइ अनुदान करार शिक्षक नियुक्तिको लागि यो खुल्ला विज्ञान प्रकाशित गरिएको छ। न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले तपसिल अनुसारको विवरणको आधारमा सम्बन्धित विद्यालय वा डोल्पो बुद्ध गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुपर्नेछ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नं. | शिक्षण सिकाइ अनुदानमा शिक्षक नियुक्ति गर्नुपर्ने विद्यालयको नाम र ठेगाना | विषय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०३।०८१।०८२ | श्री क्रिष्टल मा वि डोल्पो बुद्ध गाउँपालिका, धो डोल्पा | नि.मा.वि. अंग्रेजी | १ | |
| २. | ०४।०८१।०८२ | श्री क्रिष्टल मा वि डोल्पो बुद्ध गाउँपालिका, धो डोल्पा | नि.मा.वि. गणित | १ | |

आवेदन दस्तुर रु. १५००।- (अक्षेरेपी एक हजार पाँच सय रुपैयाँ मात्र) उक्त दस्तुर वापतको रकम डोल्पो बुद्ध गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड ग १.१ -आन्तरिक राजस्व खाता ४५४०१००३०१०१०००२ (परिक्षा दस्तुर) राजश्व शीर्षक नं.१४२२९ मा जम्मा गरी भौचर पेश गर्न सकिने छ।

**उमेर** : १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**योग्यता** : सम्बन्धित विषयमा १०+२ वा सो सरह उत्तीर्ण।

**दरखास्त दिने अन्तिम मिति** : २०८१/११/२० गते कार्यालय समयभित्र।

**परिक्षा मिति** : दरखास्त पेश गर्ने मिति समाप्त भए पश्चात दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको नामावली प्रकाशन गरी परिक्षा सञ्चालन सम्बन्धमा सूचना प्रकाशन गरिनेछ।

**परिक्षाको किसिम** : लिखित र अन्तरवार्ता।

**पाठ्यक्रम** : शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

**पारिश्रमिक** : नेपाल सरकारले उपलब्ध गराएको संघीय शिक्षण सिकाइ अनुदान बमोजिम हुनेछ।

**आवश्यक कागजातहरू** : नेपाली नागरिकता, स्थायी अध्यापन अनुमति पत्र न्यूनतम शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपि।

**थप जानकारीको लागि सम्पर्क** : डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (शिक्षा, युवा तथा खेलकुद शाखा) सम्पर्क नं.: ९८४८००९१०८ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/११/०६)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**१ — ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

वृद्धि बहादुर उप्रेतीकी छोरी गोपाल बहादुर खड्काकी बुहारी विशाल खड्का क्षेत्रीकी श्रीमती बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३२१०१/४०९७९ (जारी मितिः २०७१/०३/१२, स्थान बारा) भएकी **सृजना उप्रेती खड्का क्षेत्री।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. मान बहादुर खड्काको नाति गोपाल प्रसाद खड्का क्षेत्रीको छोरा बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३३०८१/८२६ (जारी मितिः २०६३/११/१, स्थान बारा) भएका **विशाल खड्का क्षेत्री।**
१. भैरब बस्नेतकी छोरी मान बहादुर खड्काकी बुहारी गोपाल बहादुर खड्का क्षेत्रीकी श्रीमती बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३३०८१/७३ (जारी मितिः २०६३/१०/१४, स्थान बारा) भएकी **मञ्जु खड्का।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, **मञ्जु खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. १, नक्सा सीट नं १ मा अवस्थित कि.नं. २९९ क्षेत्रफल ०-१-० विगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**२ — ऋणीको नाम र ठेगानाको विवरण (परवानीपुर शाखा, बारा)**

किसुन राउत अहिरको नाति नथुनी राउत अहिरको छोरा पर्सा जिल्ला, लालपर्सा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३० बस्ने, ना.प्र.नं. ५३११०५४८ (जारी मिति २०३५/६/११, स्थान पर्सा) भएका **दिपनारायण राउत अहीर।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. हिरामन राउत अहिरकी छोरी नथुनी राउत अहिरकी बुहारी दिपनारायण राउत अहीरकी श्रीमति पर्सा जिल्ला, लालपर्सा गा.प. वडा नं. ३ स्थायी घर भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३० बस्ने, ना.प्र.नं. ५३१११२६९ (जारी मिति २०४६/१/१७, स्थान पर्सा) भएकी **रसुलिया देवी अहिरीन।**
२. नथुनी राउत अहिरको नाति दिपनारायण राउत अहीरको छोरा पर्सा जिल्ला, लालपर्सा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३० बस्ने, ना.प्र.नं. ३४-०१-६९-०३८९६ (जारी मिति २०६९/०९/०८, स्थान पर्सा) भएका **राजेन्द्र कुमार यादव।**

**धितोको विवरण**

पर्सा जिल्ला, लालपर्सा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३० बस्ने, **दिपनारायण राउत अहीर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, लालपर्सा गा.वि.स. वडा नं. ३, नक्सा सीट नं ३ मा अवस्थित कि.नं. ५७८ क्षेत्रफल ०-०-१८-५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
www.madhyanhadaily.com
६ फागुन २०८१ मंगलबार
18 February 2025, Tuesday

## सम्पादकीय

# उडिसा घटनाको पाठ

भारतको उडिसा पढ्न गएकी एक छात्राको रहस्यमय निधनले दुवै देशमा एकप्रकारले हलचल नै आएको छ । बुटवलकी २० वर्षीया प्रकृति लम्साल कलिंगा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा पढ्दै थिइन् । बीआईटी पढ्न गएकी प्रकृति होस्टेलमा मृत भेटिएकीले सुरूमा आत्महत्या भनिएको थियो । तर उनका नेपाली साथीहरू आत्महत्याको पृष्ठभूमि सहित जोडेर प्रदर्शन गरे । त्यहाँ कुनै युवकबाट निरन्तर दुव्यर्वहार भएको र त्यही पीडामा प्रकृतिको ज्यान गएको उनका साथीहरूले दाबी गरेका छन् । दावी अनुसार प्रकृतिले यसअघि दुईपटक क्याम्पस प्रशासनमा निवेदन दिइसकेकी थिइन् । उजुरीलाई गम्भीर रूपमा नलिइदा प्रकृतिले ज्यान गुमाउनु परेको उनीहरूको तर्क छ । तर प्रदर्शनमा उत्रिएका नेपाली विद्यार्थीमाथि क्याम्पस प्रशासनबाट दमन गरिएको भिडियो सामाजिक सञ्जालमा फैलियो ।

लगत्तै प्रशासनले नेपाली विद्यार्थीहरू त्यहाँबाट निस्कासित गर्ने सूचना सार्वजनिक भयो । क्याम्पस प्रशासनले आवश्यक चासो नराख्दा प्रकृतिले ज्यान गुमाएको तर्क सार्वजनिक हुनु र प्रदर्शनमा उत्रिएकामाथि दमन गरिएको सूचना सार्वजनिक भएकाले स्वभाविक रूपमा काठमाडौं तातियो । विद्यार्थी संगठनहरूले प्रदर्शन गरे । त्यहाँ १४ सय बढी नेपाली पढिरहेकाले यो तहको चासो स्वभाविक हो । यद्यपि भारतीय प्रहरी प्रशासनको सक्रियता देखिएको छ । अभियुक्त पक्राउ परेका छन् । प्रधानमन्त्री केपी शर्मा ओली, नेपालस्थित भारतीय दूतावास र नयाँ दिल्लीस्थित नेपाली दूतावासबाट पनि पहलकदमी भइरहेको तथ्य सार्वजनिक भएका छन् । आवश्यक पहलकदमीकै कारण क्याम्पस प्रशासनले क्षमा सहित आफ्नो निर्णय सच्याएको छ ।

तर यस घटनालाई नजीरका रूपमा लिन जरूरी छ । किनकि अहिले संसारका विभिन्न देशमा नेपालीहरू अध्ययनकै निम्ति पुगेका छन् । विकसित देशहरूमा पढ्दै/कमाउँदै गर्ने नेपाली विद्यार्थी संख्या बढिरहेका छन् । अमेरिका, अष्ट्रेलिया, क्यानडा, जापान जस्ता देशहरूमा फैलिएका नेपालीहरू छिमेकी भारत पुग्नु स्वभाविक हो । यसरी विदेशमा पढिरहेका नेपाली विद्यार्थीले सुरक्षाबारे आवश्यक प्रबन्ध गर्ने काम नेपाल सरकारकै हो । अझ नेपाल र भारतबीच सम्बन्ध विशेष प्रकृतिका छन् । एकअर्काविरूद्धको सद्भाव भड्किन पुग्यो भने त्यसको नतिजा अनुमान भन्दा बाहिर जान सक्छ । त्यसैले कुटनीतिक पहल लिएर दुवै देशका नागरिक एकअर्का देशमा सुरक्षित रहेको सन्देश दिइनुपर्छ । जसको नेतृत्व दुवै देशका सरकार प्रमुखबाट गरिनुपर्छ ।

# विकासको सपना कहिलेसम्म ?

दीर्घकालीन सोच, सुदृढ प्रशासनिक प्रणाली, जबाफदेही सरकार तथा नागरिकको सक्रिय सहभागिताले मात्र नेपाललाई समृद्ध बनाउन सकिन्छ...

अग्रलेख



● लक्ष्मण सिटौला

नेपाल विकासको यात्रा तय गर्ने क्रममा अनेकौं अवसर र चुनौतीहरूको सामना गरिरहेको छ । भौगोलिक विविधता, प्राकृतिक स्रोत, साधन, श्रम शक्ति, सांस्कृतिक धरोहर जस्ता तत्त्वहरू नेपाललाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । तर, नीति निर्माणको कमजोरी, राजनीतिक अस्थिरता, भ्रष्टाचार, शिक्षा तथा रोजगारीको अभाव, पूर्वाधार निर्माणमा ढिलाइ जस्ता कारणले नेपाल अपेक्षित रूपमा अघि बढ्न सकेको छैन । अबको बाटो के हुन सक्छ ?

नेपालको विकासका लागि पहिलो शर्त भनेको स्थिर र दिगो राजनीतिक वातावरणको सिर्जना गर्नु नै हो । बारम्बारको सरकार परिवर्तन, अस्थिर नीति, दलहरूबीचको अनावश्यक विवादले दीर्घकालीन योजना कार्यान्वयन हुन सकिरहेको छैन । राजनीतिक स्थायित्वका लागि जबाफदेही सरकार, कुशल प्रशासक तथा जनताको विश्वास जित्न सक्ने नेतृत्व आवश्यक छ । स्थानीय तहदेखि संघीय सरकारसम्म समन्वयात्मक विकास नीतिको अवलम्बन गर्नुपर्छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको शिक्षा हो । नेपालमा साक्षरता दर सुधार भए पनि गुणस्तरीय शिक्षा अझै पनि अभावमै छ । शिक्षाले सिर्जनात्मकता, समस्या समाधान क्षमता र उद्यमशीलता विकास गर्नुपर्ने हो तर हाम्रो शिक्षाले युवाहरूलाई रोजगारमूलक सीप दिन सकेको छैन ।

व्यावसायिक तथा प्राविधिक शिक्षाको अभिवृद्धि गरेर आत्मनिर्भर नागरिक उत्पादन गर्नु जरुरी छ । शिक्षालाई व्यावहारिक बनाउन, अनुसन्धानमा जोड दिन र उद्यमशीलता प्रवर्द्धन गर्न नीति तर्जुमा गर्नुपर्छ ।

रोजगारीको अवसर सिर्जना नेपालका लागि अर्को चुनौती हो । लाखौं युवा हरेक वर्ष विदेश पलायन भइरहेका छन् । यो समस्या समाधान गर्न कृषि, पर्यटन, सूचना प्रविधि र उत्पादनमूलक उद्योगहरूलाई प्रवर्द्धन गर्न आवश्यक छ । विशेषगरी कृषि क्षेत्रमा आधुनिकीकरण, प्रविधिको प्रयोग, वैज्ञानिक खेती प्रणाली अपनाएर खाद्य सुरक्षालाई सुनिश्चित गर्दै रोजगारी सिर्जना गर्न सकिन्छ । साना तथा ठूला उद्योगहरूको प्रवर्द्धन, उद्यमशीलता विकास कार्यक्रम, सरकारी तथा निजी साझेदारीलाई प्रोत्साहन गरेर स्वदेशमै रोजगारीका अवसरहरू बढाउन सकिन्छ ।

नेपालको पर्यटन क्षेत्र अपार सम्भावनायुक्त छ । हिमाल, पहाड, तराईका प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता नेपालको पर्यटनका आकर्षण हुन् । तर, आवश्यक पूर्वाधार निर्माण नहुनु, पर्यटन प्रवर्द्धनमा ध्यान नदिनु र गुणस्तरयुक्त सेवाको कमीले गर्दा नेपालले पर्यटन क्षेत्रबाट पर्याप्त लाभ उठाउन सकेको छैन । आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार विकास, सेवा क्षेत्र सुधार र प्रविधिको सदुपयोग गर्नुपर्छ ।

भौतिक पूर्वाधार विकास कुनै पनि राष्ट्रको समृद्धिका लागि आधार भूत तत्त्व हो । यातायात, ऊर्जा, संचार, स्वास्थ्य जस्ता क्षेत्रहरूको विकासबिना औद्योगिकीकरण सम्भव हुँदैन । नेपालको विद्युत् क्षेत्रमा ठूलो सम्भावना भए पनि उत्पादन तथा वितरण प्रणालीमा कमजोरीले ऊर्जा संकट निम्त्याइरहेको छ । जलविद्युत् उत्पादन वृद्धि गरेर घरेलु तथा औद्योगिक आवश्यकताहरू पूर्ति गर्न सकिन्छ । सडक तथा यातायात पूर्वाधारलाई मजबुत बनाउनु, डिजिटल पूर्वाधार विस्तार गरी सूचना प्रविधिमा लगानी गर्नु तथा आधुनिक स्वास्थ्य सेवा पहुँचमा पुऱ्याउनु आवश्यक छ ।

नेपालको विकासलाई गति दिन सुशासनको भूमिका महत्त्वपूर्ण हुन्छ । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, नीति कार्यान्वयनमा जबाफदेहिता, कानुनी शासनको बलियो आधार विकास नगरी आर्थिक तथा सामाजिक समृद्धि सम्भव छैन । सरकारी निकायहरूमा पारदर्शिता अभिवृद्धि, अनियमिततामा कडाइ, नीति निर्माणमा नागरिक सहभागिता जस्ता उपायहरू लागू गर्न सकिन्छ ।

नेपालमा जल, जंगल, खनिज, कृषियोग्य जमिन जस्ता प्राकृतिक स्रोतहरू प्रशस्त छन् । यिनको वैज्ञानिक तथा व्यावसायिक उपयोग गर्न सके देश आत्मनिर्भर बन्न सक्छ । जलस्रोत व्यवस्थापन, वन व्यवस्थापन तथा खनिज उत्खननका लागि दीर्घकालीन नीति आवश्यक छ ।

नेपालको विकासको अर्को प्रमुख पाटो भनेको सामाजिक समावेशिता हो । जातीय, लैंगिक, भौगोलिक तथा आर्थिक असमानता हटाएर समान अवसर सिर्जना गर्नुपर्छ । सबै नागरिकलाई समान पहुँच, सेवा, अवसर र अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गर्नुपर्छ । ग्रामीण तथा दुर्गम क्षेत्रको विशेष विकास कार्यक्रम ल्याई समतामूलक समाज निर्माण गर्न सकिन्छ । अन्ततः नेपाललाई समृद्ध बनाउन एकीकृत तथा समन्वयात्मक विकास योजना आवश्यक छ । अल्पकालीन सोच, तदर्थ निर्णय र अस्थिर नीति परित्याग गरेर दीर्घकालीन रणनीति निर्माण गर्नुपर्छ । सरकारले नीति निर्माणमा लचकता, पारदर्शिता र दीर्घकालीन सोचलाई आत्मसात् गर्नु जरुरी छ ।

निजी क्षेत्र, गैरसरकारी संस्था तथा नागरिक समाजबीच सहकार्य गरेर नेपाललाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय दृष्टिले समृद्ध बनाउन सकिन्छ ।




नेपालको विकासका लागि पहिलो शर्त भनेको स्थिर र दिगो राजनीतिक वातावरणको सिर्जना गर्नु नै हो । बारम्बारको सरकार परिवर्तन, अस्थिर नीति, दलहरूबीचको अनावश्यक विवादले दीर्घकालीन योजना कार्यान्वयन हुन सकिरहेको छैन...

नेपालको विकासलाई सार्थक बनाउन विभिन्न तहमा सुधार आवश्यक छ । केवल सरकारको प्रयासले मात्र विकास सम्भव छैन, नागरिकको सक्रिय सहभागिता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । समाजमा उद्यमशीलता, आत्मनिर्भरता र सामूहिक उत्तरदायित्वको भावना विकास गर्न आवश्यक छ । नेपाललाई समृद्ध बनाउन दीर्घकालीन सोच, आधुनिक प्रविधिको प्रयोग तथा राष्ट्रिय एकताको बलियो जग आवश्यक पर्छ ।

नेपाल कृषिप्रधान देश हो तर यहाँको कृषि उत्पादन परम्परागत ढाँचामा सीमित छ । आधुनिक प्रविधि, वैज्ञानिक खेती प्रणाली तथा व्यावसायिक कृषि पद्धति अपनाउन सके कृषिमा उत्पादकत्व बढाउन सकिन्छ । कृषि उत्पादित वस्तुको बजारीकरण, भण्डारण तथा प्रशोधन उद्योग स्थापना गरेर किसानलाई उचित मूल्य सुनिश्चित गर्नुपर्छ । सहकारी प्रणालीलाई सबल बनाएर ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ ।

नेपालको औद्योगिक विकासको अवस्था न्यून छ । उत्पादनमूलक उद्योगको अभाव, कच्चा पदार्थको अपर्याप्तता तथा श्रमिकहरूको विदेश पलायनले औद्योगिक विकास अवरुद्ध भइरहेको छ । नेपालमा साना तथा मझौला उद्योगहरूलाई प्रवर्द्धन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकिन्छ । उत्पादनशील क्षेत्रलाई प्रोत्साहन गर्न सरकारले कर प्रणाली सुधार, लगानीमैत्री नीति निर्माण तथा विद्युतीय तथा यातायात पूर्वाधार विकासमा ध्यान दिनुपर्छ ।

सूचना प्रविधिको विकासले नेपाललाई द्रुत गतिमा अघि बढाउन सक्छ । डिजिटल नेपाल अभियानलाई सशक्त बनाउँदै प्रविधिमा आधारित सेवा प्रणाली विकास गर्न सकिन्छ । प्रविधिको प्रयोगले शिक्षा, स्वास्थ्य, वित्तीय सेवा तथा सरकारी सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन सक्छ । इ-कमर्स, फिनटेक, डिजिटल बैंकिङ तथा स्टार्टअप प्रवर्द्धन गरेर रोजगारी सिर्जना गर्न सकिन्छ ।

विदेशमा जाने श्रमिकहरूका लागि नीति सुधार गर्दै उनीहरूको दक्षता वृद्धि गर्न व्यावसायिक तालिम दिन सकिन्छ । प्रवासी नेपालीहरूले पठाउने रेमिटचान्सलाई दीर्घकालीन उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाउनु जरुरी छ । रेमिटचान्सको भरपर्ने अर्थतन्त्रलाई दीर्घकालीनरूपमा आत्मनिर्भर अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्छ । सार्वजनिक सेवा प्रवाह सुधार गर्न प्रशासनिक सुधार अपरिहार्य छ । ढिलासुस्ती, अनियमितता तथा जटिल प्रक्रियाहरू हटाएर सरल र प्रभावकारी प्रशासनिक प्रणाली विकास गर्नुपर्छ । सेवा प्रवाहलाई डिजिटल प्रविधिबाट पारदर्शी, छरितो र जनउत्तरदायी बनाउन सकिन्छ ।

नेपालको विकासका लागि ऊर्जा क्षेत्रलाई आत्मनिर्भर बनाउन जलविद्युत् तथा नवीकरणीय ऊर्जाको विकास गर्नु जरुरी छ । नेपालमा अपार जलविद्युत् सम्भावना भए पनि ऊर्जा उत्पादन, वितरण तथा उपयोगमा धेरै समस्या छन् । सरकारी तथा निजी क्षेत्रको सहकार्यमा जलविद्युत् आयोजना संचालन गर्न सकिन्छ । अतिरिक्त ऊर्जा निर्यात गरेर नेपालको व्यापारघाटा न्यूनीकरण गर्न सकिन्छ ।

नेपालमा सामाजिक सुरक्षालाई बलियो बनाउन रोजगार ग्यारेन्टी योजना, वृद्ध भत्ता, अपांगता भत्ता तथा विपन्न वर्गका लागि विशेष कार्यक्रमहरू लागू गर्नुपर्छ । स्वास्थ्य सेवा सबै नागरिकलाई सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्छ । आधारभूत स्वास्थ्य सेवा निःशुल्क, गुणस्तरीय तथा पहुँचयोग्य बनाउन आधुनिक प्रविधिको प्रयोग आवश्यक छ । पर्यावरणीय सन्तुलन कायम गर्दै दिगो विकासको अवधारणा अपनाउनु आवश्यक छ । वन, जंगलको संरक्षण, जलस्रोतको व्यवस्थापन तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्न सकिन्छ । जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न दीर्घकालीन नीति अवलम्बन गरिनुपर्छ ।

नेपालको विकासलाई तीव्र बनाउन शिक्षा, स्वास्थ्य, पूर्वाधार, ऊर्जा, पर्यटन, कृषि तथा उद्योगमा समान रूपले ध्यान दिनुपर्छ । दीर्घकालीन सोच, सुदृढ प्रशासनिक प्रणाली, जबाफदेही सरकार तथा नागरिकको सक्रिय सहभागिताले मात्र नेपाललाई समृद्ध बनाउन सकिन्छ । समृद्ध नेपाल निर्माणका लागि सबै तहका नागरिक, नीति निर्माताहरू तथा विकास साझेदारहरूले साझा संकल्प लिनुपर्छ ।

## इतिहासमा आज

१८ फेब्रुअरी १८६१ मा सार्डिनियाका भिक्टर इमानुएल द्वितीय इटालीका पहिलो राजा बने ।



१८ फेब्रुअरी १९७९ मा सहारा मरुभूमिमा पहिलो हिमपात भएको थियो ।




१८ फेब्रुअरी २००७ मा भारत-पाकिस्तान रेल सम्झौता एक्सप्रेसमा आतंकवादी बम विस्फोटमा ७० जनाको मृत्यु भएको थियो ।



१८ फेब्रुअरी २०२१ मा नासाको पर्सेभेरेन्स रोभर प्राचीन जीवनका संकेतहरू खोज्न र चट्टानका नमुनाहरू संकलन गर्न मंगल ग्रहमा सफलतापूर्वक अवतरण गरेको थियो ।




## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

अतिरञ्जित रूपमा सामाजिक संजाल प्रविधि सकारात्मकभन्दा नकारात्मक, उच्छृंखल किसिमबाट दुरुपयोगको प्रतिस्पर्धा भइरहेछ । राज्य नेतृत्वद्वारा चासो राख्नुपर्ने भत्किन, बिग्रनबाट जोगाउनुपर्ने । अर्काको पिछलग्गु हुँदा आफ्नो पहिचान नेपालीपन, तन अनि मन प्रख्याति हराउने भयो ।

आदर्श र सिद्धान्तका कुरा गरेर राजनीति गर्ने युगको समाप्ति विश्वभर नै सकिएको छ । अबको राजनीति अर्थसँग जोडिएको छ । जसले राष्ट्रिय पुँजी बढाएर समृद्धिको कुरा मात्र होइन काम गर्छ, त्यो पत्याउने कुरा हुन्छ । नत्र उही लकिर, फकिर कुरा गरेर जनता ढाँट्ने कर्मबाहेक केही हुन्न ।



**राज ढकाल**



**विनोद न्यौपाने**

अर्थमन्त्री र मेयरको जलन मात्रै खोज्दैन, यो सामाजिक संजाल अस्तिको शानदार ममको घाइतेबारे पनि खोज्छ ! ग्यास सिलिन्डरबारे, त्यो घटनाबारे सरकार मौन थियो ! जलन अस्पताल अझै, तराईमा खोल-निमुखा, बूढाबूढी र केटाकेटी धेरै पीडित देखिए; लेखेका हौं ।

कार्यक्रम स्थलको अवलोकन, सम्भावित सुरक्षा जोखिमको आँकलन र व्यवस्थापन, ज्यान र सम्मान दुवैको सुरक्षा । गृहको सुरक्षासम्बन्धी मापदण्डमा यस्तै पढिएजस्तो लाग्छ । तर, उप तथा अर्थको सुरक्षामा खटिएका त आगोले जलेपछि गर्दन टकटक्याउन गएको देखियो । नेपालका पीएसओ र ढोडको लौरो बराबर ।



**केपी दुंगाना**

# नेपालमा भ्रष्टाचार : गम्भीर चुनौती

विचार



● खगेन्द्र पौडेल

नेपालमा भ्रष्टाचार गहिरो रूपमा जरा गाडेर बसेको समस्या हो, जसको समाधान कुनै एउटा निकाय वा व्यक्तिको प्रयासले सम्भव छैन । यसका लागि सरकार, नागरिक समाज, संचार माध्यम र प्रत्येक नागरिकले मिलेर सामूहिक रूपमा कदम चाल्नु जरुरी छ...

नेपालमा भ्रष्टाचार एउटा जटिल र गहिरो समस्या हो, जसले देशको आर्थिक, सामाजिक र राजनीतिक संरचनामा गम्भीर असर पारिरहेको छ । भ्रष्टाचारको प्रभाव साना स्तरदेखि लिएर उच्च तहका नीतिगत निर्णयहरूमा समेत देख्न सकिन्छ । राज्यको संसाधनको दुरुपयोग, सेवा सुविधामा असमान पहुँच, प्रशासनिक अराजकता र कानुनी शासनमाथिको कमजोर नियन्त्रण यस समस्याका प्रमुख लक्षण हुन् ।

नेपालमा भ्रष्टाचारको धेरै कारण छन् । पहिलो, संरचनागत कमजोरी नै यसको मुख्य जड हो । कानुनी व्यवस्था भए पनि तिनको कार्यान्वयन कमजोर छ । भ्रष्टाचारीहरूलाई दण्ड दिने प्रक्रिया ढिलो र प्रभावहीन भएकाले भ्रष्टाचार गर्नेहरू डराउँदैनन् । सरकारी निकायहरूमा उत्तरदायित्वको कमी, सार्वजनिक प्रशासनमा पारदर्शिताको अभाव र राजनीतिमा पैसाको प्रभावले भ्रष्टाचारलाई मलजल गरिरहेको छ ।

दोस्रो, राजनीतिक अस्थिरता र कमजोर शासनले भ्रष्टाचारको दरलाई झन् बढाएको छ । नेपालमा सरकार परिवर्तनको दर उच्च छ, जसले गर्दा दीर्घकालीन नीति कार्यान्वयन गर्न कठिन हुन्छ । हरेक सरकार आफैं टिक्न र आफ्नो प्रभाव बलियो बनाउन लागिपरेकाले भ्रष्टाचारविरुद्धको कदम प्रभावकारी बन्न सक्दैन । उच्च तहका राजनीतिज्ञ र कर्मचारीहरूले आफूअनुकूल नीतिहरू बनाउन सक्छन्, जसले उनीहरूलाई आर्थिक लाभ पुऱ्याउँछ ।

तेस्रो, समाजमा भ्रष्टाचारलाई सामान्यीकरण गरिनु अर्को ठूलो समस्या हो । जनताले साना-साना कामका लागि पनि घुस दिनु सामान्य ठान्छन्, जसले भ्रष्टाचारको जरा अझ गहिरो बनाउँछ । जब नागरिक आफैंले अनैतिक तरिकालाई स्वीकार गर्छन्, तब भ्रष्टाचारको विरोध कमजोर हुन्छ । सरकारी सेवामा ढिलासुस्ती, सार्वजनिक निकायमा गैरजिम्मेवारीपन र कर्मचारीतन्त्रमा प्रभावकारी व्यवस्थापनको अभावले भ्रष्टाचार झन् मौलाउँछ ।

भ्रष्टाचारले देशको विकासलाई गम्भीर रूपमा असर पुऱ्याएको छ । सरकारी बजेट दुरुपयोग हुँदा पूर्वाधार निर्माणदेखि लिएर स्वास्थ्य र शिक्षा जस्ता महत्त्वपूर्ण क्षेत्रमा गुणस्तर खस्किएको छ । ठूला परियोजनाहरूमा अनियमितता हुँदा देशको आर्थिक वृद्धि दर प्रभावित भएको छ । वैदेशिक लगानीको कमी, युवा रोजगारीको अवसर खुम्चिनु र समग्र आर्थिक असमानता बढ्नु भ्रष्टाचारकै परिणाम हुन् ।

नेपालले भ्रष्टाचार नियन्त्रण गर्न ठोस उपायहरू अपनाउनु जरुरी छ । पहिलो, कानुनी व्यवस्था बलियो बनाउनुका साथै दण्डहीनताको संस्कृति अन्त्य गर्नुपर्छ । भ्रष्टाचारमा संलग्नलाई कडा सजाय दिन सक्ने कानुनी प्रणाली लागू गर्न आवश्यक छ । दोस्रो, सूचना प्रविधिको सदुपयोग गरी सरकारी कामकाजलाई पारदर्शी बनाउनुपर्छ । डिजिटल प्रविधि प्रयोग गरेर सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याएमा भ्रष्टाचारको सम्भावना कम हुन्छ ।

तेस्रो, नागरिक सचेतना बढाउनुपर्छ । जब जनताले आफ्नो अधिकार बुझ्छन् र भ्रष्टाचारविरुद्ध आवाज उठाउँछन्, तब सरकारी निकायहरू उत्तरदायी बन्न बाध्य हुन्छन् । शिक्षामा नैतिकता र पारदर्शितासम्बन्धी पाठ्यक्रम समावेश गर्नाले भविष्यका पुस्ताहरूलाई इमान्दार बनाउन सहयोग पुग्छ ।

निष्कर्षमा, नेपालमा भ्रष्टाचार गहिरो रूपमा जरा गाडेर बसेको समस्या हो, जसको समाधान कुनै एउटा निकाय वा व्यक्तिको प्रयासले सम्भव छैन । यसका लागि सरकार, नागरिक समाज, संचार माध्यम र प्रत्येक नागरिकले मिलेर सामूहिक रूपमा कदम चाल्नु जरुरी छ । पारदर्शिता, उत्तरदायित्व र सुशासनको प्रवर्द्धन गरेर मात्र नेपाल भ्रष्टाचारमुक्त समाजतर्फ अघि बढ्न सक्छ ।

## मधुवनमा बालिका सम्मेलन

# उपप्रमुखलाई बुझाए ९ बुँदे ज्ञापन पत्र

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ५ फागुन

बर्दिया मधुवन नगरपालिकामा बालिका सम्मेलन २०८१ सम्पन्न भएको छ। स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालिकाहरूको सहभागिता र सवालको विषयमा केन्द्रित रहेर सम्मेलनको आयोजना गरिएको हो। कार्यक्रम संयोजक गोविन्द लामिछानेले सम्मेलनबाट बालिकाहरु स्थानीय तहको योजना प्रकृयाका सात चरणबारे जानकार भइ बस्ती तथा टोलस्तरमा किशोरीहरुको संरक्षण, शिक्षा र स्वास्थ्यमा पहुँच पुग्ने तथा समुदाय स्तरमा रहेका नकारात्मक अभ्यासहरुको सचेतनामुलक कार्यक्रमहरु योजना बनाइ बस्ती स्तरबाटै किशोरी लक्षित सवाल र



कार्यक्रम पेश गर्न सक्षम हुने अपेक्षा राखिएको बताए।

सम्मेलनमा विवाहको उमेर २० वर्षनै कायम राख्नुपर्ने, बालविवाह अन्त्यका लागि किशोरी क्लबको अगुवाइमा समुदायमा सचेतना अभियान सञ्चालन गरिने, बालिका तथा किशोरीको समग्र विकासका लागि स्थानीय तहलाई बजेट विनियोजन गर्न दवाव दिने, किशोरी क्लबले नियमित रूपमा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका बारेमा सडक नाटक, र्‍याली र अन्तरक्रियामार्फत सचेतना फैलाउने, हरेक वर्ष बाल भेला, किशोरी भेला गरेर योजना तयार पारी स्थानीय सरकारलाई बुझाउने लगायत ६ बुँदे संकल्प प्रस्तावमा बालिकाहरुले हस्ताक्षर गरी पारित गरेका छन्।

यस्तै सम्मेलनमा सहभागी बालिकाहरुको छलफलबाट बालिकाहरुको समस्या समाधानका लागि तयार पारिएको ९ बुँदे ज्ञापन पत्र मधुवन तथा गुलरिया नगरपालिकाका उपप्रमुख अनिता चौधरी र सवित्रा गौतमलाई बुझाइएको छ। ज्ञापनपत्र बुझ्दै उपप्रमुखद्वयले ज्ञापनपत्रमा उल्लेखित विषयलाई सम्बोधन गरिने प्रतिबद्धता जनाएका थिए। उनीहरुले योजना बनाउँदा बालिका र किशोरीका समस्या पनि सम्बोधन गरिने बताएका थिए। सम्मेलनमा मधुवन तथा गुलरिया नगरपालिका र बढैयाताल गाउँपालिकाका किशोरी तथा युवा क्लवका ३५ जना बालिकाहरु सहभागि थिए।

सम्मेलन प्लान इन्टरनेशनल नेपालसँगको साझेदारीमा बाँके युनेस्को क्लब र राधाकृष्ण थारु जनसेवा केन्द्रले सञ्चालन गरेको सशक्त बालिका परियोजना अन्तर्गत आयोजना गरिएको हो।



### लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/०६**

यस सा.व.उ.स बाट संकलित साल गोलिया काठ ८८४.५२ क्यू फिट र साल दाउरा १.५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**भुयाँरी सा. वन उपभोक्ता समूह, व्यास १४, तनहूँ।**


# विराटनगरमा इस्कोनको दोस्रो रथयात्रा हुँदै




**बिराटनगर/मस-** नेपाल अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ (इस्कोन) ले आउँदो बुधबार विराटनगरमा जगन्नाथ रथयात्रा निकाल्ने भएको छ।

नेपाली सनातन संस्कृतिको जर्गेना तथा नेपालीको सुख शान्तिको लागि आयोजना गर्न लागिएको उक्त रथयात्रा भगवान श्रीश्रीश्री जगन्नाथ बलदेव सुभद्रा महारानीजीलाई दीप अर्पण तथा रथको डोरी तानेर रथयात्राको सुरुवात गरिने भएको हो।

विराटनगरमा निकाल्न लागिएको रथयात्रा धरानबाट ल्याउन लागिएको हो। यो दोस्रो रथयात्रा हो। यसअघि पहिलो पटक इस्कोनले गत वर्षको फागुन ७ गते विराटनगरमा पहिलो रथ यात्रा निकालेका थियो।

सोमबार विराटगनरमा आयोजित पत्रकार सम्मेलनमा इस्कोन विराटनगरका सचिव भानुभक्त जोशीले दोस्रो जगन्नाथ रथयात्रामा ३ हजार ५ सय भन्दा बढी सनातन धर्मावलम्बीहरूको सहभागिता रहने जानकारी दिए। उनका अनुसार इस्कोन नेपालको मार्ग निर्देशक महाविष्णु स्वामी महाराजको उपस्थितिमा आयोजना गर्न लागिएको रथयात्रामा भारत, थाइल्यान्ड, रुससहित विश्वका १० देशका ४० जनाभन्दा बढी विशिष्ट व्यक्तिहरूको सहभागिता रहनेछ।

कोशी प्रदेशका सभामुख अम्मरबहादुर बिष्टसहित सनातन हिन्दु धर्मसँग आस्था राख्ने विभिन्न राजनीतिक दलका नेता र सांसदहरूको रथयात्रामा सहभागिता रहने छ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०४/०५ मा दर्ता भएको **प्रा.लि.नं. ३१५४६६** को **नाइटिङ फाउनटिन कलेक्सन प्रा.लि.**को मिति २०८१/११/०५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

### भुल सुधार

प्रकाशित मितिः- २०८१/११/०६

यस सिटिजन्स बैंक इन्टरनेसनल लि.बाट मिति २०८१/११/०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको पेज नं. ८ मा प्रकाशित गरिएको सूचनामा लिलाम खोलिने मिति २०८१/११/१२ हुनुपर्नेमा अन्यथा हुन गएकोमा भुल सुधार गरिएको यसै सूचनाबाट जानकारी गराईन्छ।

Citizens Bank

### भूल सुधार

मिति २०८१/११/०५ गते मध्यान्ह दैनिकमा साउदीमा रोजगार सम्बन्धी प्रकाशित कम्पनीको नामः Barez Al Janub Company for Operation & Maintenance र L.T. No.: 318297, चलानी नं.: ६०२३३१४६, पूर्व स्वीकृत मितिः २०८१/१०/२३ गतेको विज्ञापनमा कामदारको पद Office and Facilities Cleaning Worker र माग संख्या ९० हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075 Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



### साउदीमा रोजगार

कम्पनी : HAMED BIN ABDULLAH BIN SULAIMAN AL-MANEA AND TRADING CO. शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०१/२७ चलानी नं.: ६०२१९२२७ L.T. No.: 304445 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १३ गते (25 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

### UAE मा रोजगार

कम्पनी: SOLV FACILITIES MANAGEMENT LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०५ चलानी नं.: ६०२३३१९५ L.T. No.: 319047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 1200 | ४५,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८१ फागुन १३ गते (25 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054
Licence No.:915/067/68

### Saudi Arabia मा रोजगार

कम्पनी : Handi Crafts Metal Works Establishment शहर : Saudi Arabia पूर्व स्वीकृत मितिः २०८१/११/०५ चलानी नं.: ६०२३३१९८ LT. No.: 318748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ६६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८१ फागुन १३ गते (25 Feb 2025) मा हुनेछ।

**Chartered Global Human Resources Pvt. Ltd.**
Tokha-10, Kathmandu, Nepal, Tel.: 01-4980114, 4988226
Mo.: 9851249861 / 9851249859 / 9813756198
Email: info@cg-hr.com, Web: www.cg-hr.com
श्रम इजाजत नं. १३४७/०७४/०७५



### लुम्बिनी प्रदेश सरकार
## खानेपानी तथा सरसफाई कार्यालय
अर्घाखाँची

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/११/०५**

यस कार्यालयबाट मिति २०८१/०९/२८ गते नयाँ पत्रिकामा प्रकाशित सूचना बमोजिम म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं. | CONTRACT IDENTIFICATION NO. | फर्म/कम्पनीहरुको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर. समेत) |
|---|---|---|---|
| १ | IFB No: 04/WSSDOP/NCB/G/081-82 | श्री साकुरा पाइप उद्योग प्रा.लि, बुटवल-०८, रुपन्देही | २९,५१,९९५।०५ |
| २ | IFB No:05/WSSDOP/NCB/G/081-82 | श्री संगम ट्रेडिङ्ग कन्सर्न, काठमाडौ-१६,वनस्थली | ४७,३४,४२२।०२ |

**कार्यालय प्रमुख**



Local Government
## Indrawati Rural Municipality
### Office of the Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

### INTENTION TO AWARD

**Date of publication : 2081/11/06**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifing to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

| S.N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/SQ/F/ 081/082-03 | Nawalpur Ma.Vi Furniture Tatha CCTV Byabasthapan | M/S Deep Brothers Technology, Pokhara -13, Kaski | 8,18,165.20 |

**Chief Administrative Officer**



### कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, टिकापुर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/०६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ।

तपसिलः

**ऋणीहरूको नाम र ठेगाना :**

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १८१८/०५४/५५, स्थानीय व्यापार तथा भारत आयात कायम भई मिति २०५४/०८/२४ मा दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ०१, कैलाली स्थित **आनन्द ट्रेडर्स (प्रोप्राइटर-आनन्द हमाल)...१**

२. सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.द.नं. २४८/५९४६/०६५/६६ कायम भई मिति २०६५/१०/२० मा दर्ता भएको कैलाली जिल्ला, जानकी गाँउपालिका वडा नं. १ स्थित **आनन्द इटा उद्योग (प्रोप्राइटर-सुलक्षणा बम)...१**

३. प्रेमनारायण पौडेलको नाती, जगत राज पौडेलको छोरा, कैलाली जिल्ला, दुर्गौली गा.वि.स./न.पा. वडा नं. ९ बस्ने **आनन्द हमाल...१**

४. सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.द.नं. १९३९७ कायम भई मिति २०८०/०२/०१ मा दर्ता भएको कैलाली जिल्ला, जानकी गाँउपालिका वडा नं. १ स्थित **माँ राधादेवी पशुपंक्षी तथा कृषि फर्म (प्रोप्राइटर-सुलक्षणा बम)...१**

**ऋणी १, २ र ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. प्रेमनारायण पौडेलको नाती, जगत राज पौडेलको छोरा, कैलाली जिल्ला, दुर्गौली गा.वि.स./न.पा. वडा नं. ९ बस्ने **आनन्द हमाल...१**

२. राम बहादुर बमको छोरी, आनन्द हमालको श्रीमती, कैलाली जिल्ला, जानकीनगर गा.वि.स. वडा नं. ४ बस्ने **सुलक्षणा बम...१**

**ऋणी ३ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. राम बहादुर बमको छोरी, आनन्द हमालको श्रीमती, कैलाली जिल्ला, जानकीनगर गा.वि.स. वडा नं. ४ बस्ने **सुलक्षणा बम...१**

**ऋणी १, २ र ३ को धितो सुरक्षणको विवरण :**

१. **आनन्द हमालको** नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९ज) को क्रमशः कित्ता नं ३३८ र ३४८ को क्रमशः ३३८.६३ र ६७७.२६ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

२. **आनन्द हमालको** नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९च र ९छ) को क्रमशः कित्ता नं. २८९ र ५६७ को क्रमशः ३८९८.५० र ९९८ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

३. **आनन्द हमालको** नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९ज) को क्रमशः कित्ता नं. ३७२ र ३६४ को क्रमशः ३३८.६३ र ३३८.६३ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

४. **सुलक्षणा बमको** नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, दुर्गौली गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २) को क्रमशः कित्ता नं. ६२७, ७३४, ३९० र ४१४ को क्रमशः ६७७१.६६, ३५२१.२६, ३३१८.६७ र ४५३७.७७ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

**ऋणी २ र ४ को धितो सुरक्षणको विवरण :**

५. **आनन्द हमालको** नाममा मालपोत कार्यालय, टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९छ) को किता नं. ६३४ को २५० व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



### UAE मा महिला तथा पुरुष Guard हरुलाई रोजगार

**Company Name: Aljaber Security Company W.L.L**

पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/१२/१६ चलानी नं. ६०२१७५८१ LT. NO. 302771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard (PSBD) | 136 | 25 | काममा दक्ष | 2000 | ७५,४००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Security Guard (SIRA) | 67 | 8 | | 1200 | ४५,२००।- | | | | | | | |

Security Guard (PSBD) को Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 र Security Guard SIRA को Basic AED 1200 भएता पनि अनिवार्य OT सहित AED 1920 हुनेछ।

अंग्रेजी लेख्न-पढ्न र बोल्न सक्ने, पुरुषको उचाई ५ फिट ७ ईन्च र महिलाको ५ फिट भन्दा माथी हुनुपर्नेछ। उमेर २१ देखि ३९ वर्ष सम्म भएको हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु १०,०००।- |

अन्तरवार्ता २०८१ फागुन ११ गते (23 Feb., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9802324741
Govt. Lic: 1162/073/74
Email: myeuroasiahr@gmail.com Web: www.euroasiagroups.com

### युएईमा रोजगार

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२१०११ LT. No.: 305764 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 83 | 100 | स. काममा दक्ष | 1000 | ३७,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १३, १४ र १६ गते (25, 26 & 28 February 2025) मा हुनेछ।
अन्तर्वार्ता होटल इन टुरिष्ट सुनसरीमा २०८१ फागुन १३ गते (25 February 2025)) मा हुनेछ।
अन्तर्वार्ता होटल दिव्याश्री पोखरामा २०८१ फागुन १५ गते (27 February 2025) मा हुनेछ।
अन्तर्वार्ता होटल रेड कार्पेट चितवनमा २०८१ फागुन १५ गते (27 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामको विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np
Govt Lic.No. 1686/080/081

### साउदीमा रोजगार

कम्पनी : INTERNATIONAL CONSTRUCTION & MANUFACTURING SERVICES शहर : Jubail
पूर्व स्वीकृत मितिः २०८१/११/०५ चलानी नं.: ६०२३३१९४ L.T. No.: 319051

